# नवग्रह एवं गुरुशुक्रास्तको अनुशीलन

✹चिरञ्जीवी ढकाल
chiranjividhakal9@gmail.com

**अध्ययनसार**

हाम्रो वैदिक सनातन धर्ममा नौवटा ग्रहहरू रहेका छन् । नौवटा ग्रहहरूमध्ये बृहस्पति र शुक्रलाई आकाशमण्डलका विद्वान् ग्रहहरू हुन् । आकाशमा ग्रहहरू नदेखिनु नै ग्रहास्त हुनु हो । सूर्यको समीप रहने र गति पनि सूर्यकै अनुपातमा रहने हुनाले प्रायः शुक्र ग्रह अस्त अधिक समय हुन्छ । गुरुशुक्र देखिएको अवस्थालाई उदय भनिन्छ भने आकाशमा नदेखिई कतै हराएको वा अस्ताएको अवस्थालाई गुरुशुक्र अस्त भनिन्छ । गुरुशुक्रास्तमा गर्न हुने र नहुने कुराको विषयमा धर्मशास्त्रले स्पष्ट उल्लेख गरेको छ । ग्रहहरूको उदय र अस्त स्वभाविक प्रक्रिया हो । देवगुरु बृहस्पति र दैत्यगुरु शुक्रको अस्तकालका कृत्याकृत्यको विषयमा मानिसलाई जानकारी हुनुपर्दछ । धर्मशास्त्र एवं ज्योतिषीय पद्धतिलाई नस्वीकार्दा समाजमा अनेकौं समस्या देखा परेका छन् । समाजमा स्खलित हँदै गएको धर्मशास्त्रीय परम्परालाई जीवन्त राख्न पनि गुरुशुक्रास्तको सेरोफेरोमा रहेर कृत्याकृत्यको जानकारी आमजनमानसमा दिनु आजको आवश्यकता हो ।

**प्रमुख शब्दावली** : अग्निपरिग्रह, कृत्याकृत्य,शास्त्रसम्मति, इहलौकिक, शिशुत्वदोष, अतिचार ।

## विषयप्रवेश

बृहस्पति र शुक्र आकाशमण्डलका तेजश्वी ग्रह हुन् । सूर्यको नजिक रहने र गति पनि सूर्यकै हाराहारीमा हुने ग्रह भएकाले प्रायः शुक्र अस्त धैरै समय हुने गर्दछ । अस्तको अर्थ लोप हुनु अर्थात् हराउनु नै हो । आकाशमा गुरुशुक्र नदेखिनु नै गुरुशुक्रास्त हुनु हो । गुरुशुक्र देखिएको अवस्थालाई उदय भनिन्छ भने आकाशमा नदेखिई कतै हराएको वा अस्ताएको अवस्थालाई गुरुशुक्र अस्त भनिन्छ । शुक्र अस्तमा गर्न हुने र नहुने कुराको विषयमा धर्मशास्त्रले स्पष्ट उल्लेख गरेको छ । नवग्रह मध्येका प्रभावशाली ग्रहहरूमा बृहस्पति र शुक्र प्रसिद्ध छन् । ग्रहहरूको उदय र अस्त स्वभाविक प्रक्रिया हो । देवगुरु बृहस्पति र दैत्यगुरु शुक्रको अस्तकालका कृत्याकृत्यको विषयमा मानिसलाई जानकारी हुनुपर्दछ । ज्योतिषीय पद्धतिलाई नस्वीकार्दा समाजमा अनेकौं समस्या देखा परेका छन् । समाजमा स्खलित हँदै गएको धर्मशास्त्रीय परम्परालाई जीवन्त राख्न गुरुशुक्रास्तको सेरोफेरोमा रहेर अध्ययन गर्दै विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य हो ।

## सैद्धान्तिक आधार

कुनै पनि शोधका निम्ति धेरैभन्दा धेरै सामग्रीको खाँचो पर्दछ । त्यसैगरी प्रस्तुत लेखका निम्ति पनि प्राथमिक सामग्रीका रूपमा ज्योतिष, धर्मशास्त्रीय ग्रन्थलाई नै आधार मानिएको छ । यसका साथै वेद, संहिता, इतिहास, पुराणजस्ता ग्रन्थहरूलाई सहायक स्रोतका रूपमा लिइएको छ । कतिपय तथ्यलाई पुष्टि गर्नका निम्ति ज्योतिष एवं धर्मशास्त्रका मूल ग्रन्थका टीका, वृत्ति, भाष्य, हिन्दी एवं नेपालीमा भएका सामग्री पनि प्रयोग गरिएका छन् । सामग्री सङ्कलनका निम्ति पुस्तकालय विधि उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई मूलतः वर्णनात्मक, विश्लेषणात्मक, विवेचनात्मक एवं तुलनात्मक विधिमा आधारित भएर अध्ययन गरिएको छ । धर्मशास्त्रका विभिन्न विद्वान्हरूसँग गरिएको प्रश्नावलीहरूबाट प्राप्त उत्तरहरूलाई पनि यस अध्ययन कार्यमा अपरोक्ष प्रस्तुत गरिएका छन् ।

## नवग्रह परिचय

वैदिक सनातन धर्ममा धेरै प्रकारका देवताहरूको पूजार्चना एवं स्तुति गरिन्छ । नवग्रहहरूलाई पनि देवताको रूपमा हाम्रा धर्मशास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पाईन्छ । ग्रहहरूको गतिमा नै प्राणीहरूको हित अहितको व्यवस्था उल्लेख भएकोले ग्रहहरूलाई देववत् रूपमा पूज्न प्रारम्भ गरिएको हो । वेदमा समेत नवग्रहहरूको नामसहित स्तुति गरिएको हुँदा नवग्रहहरूको पूजन प्रार्थना वैदिक कालबाट नै सुरु भएको स्पष्ट हुन्छ । ज्योतिषीय ग्रन्थहरूमा ग्रहरूको संख्या पनि नौ भएको बताईएको छ ।

रविश्चन्द्रः कुजश्चैव बुधश्चैव गुरूस्तथा
शुक्रः शनिश्चरश्चैव राहुः केतुर्यथाक्रमम् । (कुण्डलीप्रकाश, ज्योतिर्विद्या प्रालि, काठमाडौं, २०५७)

✹ **लेखक धर्मशास्त्रको क्षेत्रमा अध्ययन अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।**

महर्षि याज्ञवल्क्यले आफ्नो याज्ञवल्क्यस्मृति ग्रन्थमा नवग्रहहरूको विषयमा विशिष्टरुपमा उल्लेख गर्नुभएको छ।
सूर्यः सोमो महीपुत्रः सोमपुत्रो बृहस्पतिः ।
शुक्रः शनैश्चरो राहुः केतुश्चैव ग्रहाः स्मृताः ॥ (याज्ञवल्क्यस्मृति आचाराध्याय, पृ.३०० )

**सूर्य**

ग्रहहरूमा सबैभन्दा विशेष र महत्त्वपूर्ण ग्रह सूर्य मानिन्छ। पुराणहरूमा सूर्यलाई सृष्टिको प्रवर्तकको रूपमा व्याख्या गरिएको छ। सूञ् प्रसवे धातुबाट निष्पन्न हुने शब्द सूर्य हो र यसले जन्माउनु भन्ने अर्थ दिन्छ। पुराणहरूका अनुसार सूर्य कश्यप गोत्रीय हुन् या सूर्यको विषयमा सबैभन्दा आधिकारिक अध्ययन र खोज गर्ने ऋषि कश्यप हुन् । सूर्यको स्वरूप सुनौलो छ। सूर्यलाई फलित ज्योतिषमा सिंह राशिको स्वामी मानिन्छ। कुण्डलीको तृतीय, षष्ठ र दशम भावमा सूर्य शुभ फलदायी हुन्छ। बृहस्पति, शशी र मंगल ग्रहहरू सूर्यका मित्र राशीहरू हुन्। शुक्र र शनिलाई सूर्यका शत्रु ग्रह मानिन्छन्। यिनीहरूका युतिमा परस्परमा झगडा हुन्छ। अग्नि र ईश्वर सूर्यका देवता हुन्। नवग्रहमण्डलको मध्यभागमा गोलाकार रेखी बनाएर यसको पूजा गरिन्छ। सूर्य ताप ग्रह भए पनि उच्च, स्वगृही या शुभ भएको अवस्थामा शुभफल दिन्छन्। सूर्यकी पत्नीको नाम छाया हो। सूर्यको पुत्रको नाम शनि हो, जो कर्मका अधिष्ठाता मानिन्छन्। आकृष्णेनरजसा.....यो वैदिक मन्त्रले सूर्य ग्रहको प्रार्थना गरिन्छ।
आकृष्णेन इमं देवा अग्निमूर्द्धा दिवः ककुत्।
उद्बुध्यस्वेति च ऋचो यथासंख्यं प्रकीर्तिताः ॥ (याज्ञवल्क्यस्मृति, आचाराध्याय, ३०० )
भास्वान् कश्यपगोत्रजोऽरुणरुचिर्यः सिंहराशीश्वरः
षट्त्रिस्थो दशशोभने गुरुशशी भौमेषु मित्रं सदा
शुक्रो मन्दरिपुः कलिश्च जनिताश्चाग्नीश्वरौ देवते
मध्ये वर्तुलदिग्दिनकरः कुर्यात् सदा मंगलम्। (मिश्र,२०७६ पृ.४५)

**चन्द्र**

ग्रहहरूमा सूर्यपछिको विशेष र महत्वपूर्ण अर्को ग्रह चन्द्र हो। सूर्यले कालपुरुषको आँखाको प्रतिनिधित्व गर्छ भने चन्द्रले कुण्डलीमा कालपुरुषको मनको प्रतिनिधित्व गर्छ। - चन्द्रमा मनसो जातश्चक्षोः सूर्योऽजायत। शुक्लयजुर्वेद, अध्याय ३१ ) फलित ज्योतिषमा यसलाई कर्कटराशिको स्वामी मानिन्छ। ज्योतिषमा चन्द्रमालाई कर्कट राशिको स्वामी मानिएको छ। चन्द्रमाको रङ सेतो हुन्छ। चन्द्रमाको गोत्र आत्रेय हो। चारवटा अस्त्र हातमा लिएका वरुण देवतालाई चित्रित गरेर नवग्रहमण्डलको आग्नेय दिशामा चन्द्रमाको पूजा गरिन्छ। कुण्डलीमा छैठौं भावमा सप्त भागमा आग्निय दिशामा बसेको चन्द्रमाले शुभ फल दिन्छ भन्ने मान्यता छ। बुध र बृहस्पतिलाई चन्द्रमाको शत्रु मानिएको छ। सूर्यलाई चन्द्रमाको मित्र मानिएको छ। र सबैभन्दा पहिला चन्द्रमाको विषयमा विस्तृत अध्ययन यामुनप्रदेश अर्थात् यमुना नदीको किनारमा भएको थियो। इमं देवा ...यो वैदिक मन्त्रले चन्द्र ग्रहको प्रार्थना गरिन्छ। (आकृष्णेन इमं देवा अग्निमूर्द्धा दिवः ककुत्। ..... पूर्ववत् याज्ञवल्क्यस्मृति आचाराध्याय, ३००) चन्द्रमा ग्रहहरूमध्ये सबैभन्दा छिटो हिँड्ने ग्रह मानिन्छन्।
चन्द्रः कर्कटकप्रभुः सितनिभश्चात्रेयगोत्रोद्भवो
आग्नेयश्चतुरस्रवारुणमुखश्चापोऽप्युमाधीश्वरः
षट्सप्ताग्निदशैकशोभनफलो ज्ञोरिर्गुरोर्कप्रियः
स्वामी यामुनदेशजो हिमकरः कुर्यात् सदा मंगलम्। (दाहाल, २०७१, पृ. ३४ )

**मंगल**

अग्निर्मूर्द्धा दिवः ...यो वैदिक मन्त्रले मंगल ग्रहको प्रार्थना गरिन्छ। (आकृष्णेन इमं देवा अग्निमूर्द्धा दिवः ककुत्। (याज्ञवल्क्यस्मृति आचाराध्याय, ३००) फलित ज्योतिषमा मंगल ग्रहलाई दक्षिण दिशाको मालिक मानिएको छ। कुण्डलीको त्रिकोण र दक्षिण दिशामा मंगललाई बलियो हुन्छ भनिएको छ। मंगलका देवता विघ्नेश्वर गणेशजी हुनुहुन्छ। मंगल रातो वर्णको हुन्छ। अंग्रेजीमा यसलाई रेड प्लानेट अर्थात् रातो ग्रह भनिन्छ। मंगल ग्रह वृश्चिक र मेष राशिको स्वामी हो। मंगल ग्रहले बृहस्पति, सूर्य र चन्द्रमालाई मित्र मान्छ भने बुधलाई शत्रु मान्छ। यदि कुण्डलीको तेस्रो र छैठौँ भागमा बसेको मंगल निकै शुभ मानिन्छ। वसुधा र स्कन्ध यसका अधिष्ठात्री देवताहरू हुन्। मंगलको बारेमा सबै भन्दा पहिला विस्तृत अध्ययन गर्ने ऋषि भारद्वाज हुन् र ज्योतिषमा मंगलको उत्पत्ति पृथ्वीबाट भएको भन्ने मान्यता छ।

भौमो दक्षिणदिक् त्रिकोणयमदिक् विघ्नेश्वरो रक्तभः
स्वामी वृश्चिकमेषयोः सुरगुरूश्चार्कः शशीसौहृदः ।
ज्ञोरिः षट्त्रिफलप्रदश्च वसुधास्कन्दौ क्रमाद्देवते
भारद्वाजकुलोद्भवस्क्षितिसुतः कुर्यात् सदा मंगलम् । (मिश्र, २०७६, पृ. ४५,)

**बुध**

उद्बुधस्वाग्ने...यो वैदिक मन्त्रले बुध ग्रहको प्रार्थना गरिन्छ । (याज्ञवल्क्यस्मृति आचाराध्याय, ३००) ज्योतिषशास्त्रमा शान्त किसिमको ग्रह मानिएको छ । बुधको मुख उत्तर फर्किएको हुन्छ र वर्ण पहेलो हुन्छ भनेर व्याख्या गरिएको छ। तथापि बुधलाई हरियो पनि मनपर्ने रङ हो । मगधराज्यमा आत्रेय परिवारमा बुधको विषयमा सबैभन्दा बढी खोजी भएको मानिन्छ। नवग्रह पूजा गर्ने बेलामा इशान दिशामा बाण बनाएर यसको पूजा गरिन्छ। फलिज ज्योतिषले शुक्र र शनिलाई मित्र मानेको छ भने चन्द्रमालाई शत्रु मानेको छ। जन्मकुण्डलीमा दशौँ, अष्टम, चौथो, छैठौँ, र दोस्रो भावमा बुधलाई शुभ मानिएको छ। यसका देवता विष्णु र पुरुषोत्तम हुनुहुन्छ।
सौम्योदङ्मुखपीतवर्णमगधश्चात्रेयगोत्रोद्भवः
बाणेशानदिशः सुहृच्छनिभृगुः शत्रुस् सदा शीतगुः ।
कन्या युम्मपतिर्दशाष्टचतुरः षण्नेत्रकः शोभनो
विष्णुः पौरुषदेवते शशिसुतः कुर्यात् सदा मंलम् । (दाहाल, २०७१, पृ. ६७, )

**बृहस्पति**

बृहस्पतये अतियदर्यू...यो वैदिक मन्त्रले बृहस्पति ग्रहको प्रार्थना गरिन्छ । गुरुलाई ज्योतिषशास्त्रमा अङ्गिरा ऋषिका छोरा भनेर चिनिएको छ। बृहस्पतिको मुख उत्तरतिर फर्किएको हुन्छ। बृहस्पतिको शरीर विशाल छ र नवग्रह मण्डलमा उत्तर दिशाको अधिकार बृहस्पतिलाई छ। बृहस्पतिको मनपर्ने रङ पहेँलो हो । नवग्रह पूजामा बृहस्पतिलाई अश्वत्थ अर्थात् पिपलको समिधाद्वारा हवन गरिन्छ । बृहस्पतिको विषयमा पहिलो र विस्तृत खोजी वर्तमान पाकिस्तानको सिन्धु प्रदेशमा भएको थियो । बृहस्पति ग्रह धनु र मिनको स्वामी हो। बृहस्पतिका शत्रु ग्रहहरू बुध र शुक्र हुन् भने मित्र ग्रहहरू सूर्य, चन्द्रमा र मंगल हुन् । जन्म कुण्डलीमा सप्तमभाव या दोस्रोभावमा बृहस्पति बस्नु निकै शुभ मानिन्छ।

बृहस्पते अतियदर्यर्यस्तथैवान्नात्परिस्रुतः ।
शन्नोदेवीस्तथा काण्डात्केतुं कृण्वन्निमास्तथा ॥ (याज्ञवल्क्यस्मृति आचाराध्याय ३०१)
जीवश्चाङ्गिरगोत्रजोत्तरमुखो दीर्घोत्तरो संस्थितस्
पीतश्वत्थसमिच्च सिन्धुजनितश्चापोथ मीनाधिपस् ।
सूर्येंदुक्षितिजप्रियो बुधसितौ शत्रू समाश्चापरे
सप्तांकद्विभवः शुभः सुरगुरूः कुर्यात् सदा मंगलम् । (मिश्र, २०७६, पृ. ४५)

**शुक्र**

ज्योतिषशास्त्रमा शुक्र ग्रहलाई भृगु ऋषिको वंशज मानिन्छ। शुक्र ग्रहको विषयमा पहिलो र आधिकारिक अध्ययन गर्ने व्यक्ति महर्षि भृगु हुन्। शुक्रको रङ सेतो हुन्छ, शुक्र पूर्व फर्किएको हुन्छ र नवग्रह मण्डलमा पूर्व दिशामा शुक्रको पूजा गरिन्छ । अन्नात्परिस्रुतो...यो वैदिक मन्त्रले शुक्र ग्रहको प्रार्थना गरिन्छ (बृहस्पते अतियदर्यस्तथैवान्नात्परिस्रुतः(याज्ञवल्क्यस्मृति आचाराध्याय, ३०१) फलित ज्योतिषअनुसार वृष र तुला राशिको स्वामी शुक्र हो । शुक्रको विषयमा सबैभन्दा पहिला आधिकारिक अध्ययन महाराष्ट्रमा भएको थियो । पूजा गर्ने बेलामा शमीको समिधाले शुक्रको हवन गरिन्छ। इन्द्र र इन्द्राणी दुवैजना शुक्रका अधिष्ठात्री देवता हुन्। नवग्रहमध्ये बुध र शनिलाई शुक्रको मित्र मानिन्छ भने सूर्य र चन्द्रलाई शत्रु मानिन्छ। जन्मकुण्डलीको छैठौं र बाह्रौं भाव बाहेक अन्यत्र लाई शुभ मानिएको छ।

शुक्रो भार्गवगोत्रजो सितनिभस् प्राचीमुखस् पूर्वदिक्
पञ्चाङ्को वृषलस्तुलाधिपमहाराष्ट्राधिपोदुम्बरस् ।
इन्द्राणी मघवानुभौ बुधशनीमित्रेऽर्कचन्द्रौरिपू
षष्ठो द्विर्दशवर्जितो भृगुसुतस् कुर्यात् सदा मंगलम् । ( मिश्र, २०७६, पृ. ७०)

**शनि**

फलित ज्योतिषअनुसार शनिलाई मन्द नाम दिएको छ किनभने ग्रहहरूमा सबैभन्दा ढिलो चाल यही ग्रहको छ। ऋषिहरूले शनिको रङ कालो हुन्छ भनेर बताउनुभएको छ। नवग्रह मण्डलको पश्चिम दिशामा शनिको पूजा हुन्छ। शन्नोदेवीरभिष्टय...यो वैदिक मन्त्रले शनि ग्रहको प्रार्थना गरिन्छ (बृहस्पते अतियदर्य्यस्तथैवान्नात्परिस्रुतः । याज्ञवल्क्यस्मृति आचाराध्याय, ३०१ ) सबैभन्दा पहिला र आधिकारिक रूपमा सौराष्ट्र भन्ने ठाउँमा शनिको विषयमा अध्ययन गरिएको थियो। फलितज्योतिष अनुसार शनि ग्रह मकर र कुम्भ राशिको मालिक हो। बुध र शुक्रलाई शनिले मित्र मान्छ बृहस्पतिलाई बराबर मान्छ शनि ग्रहको परमशत्रु सूर्य हो। शनि ग्रह पश्चिममा बलि हुन्छ। प्रजापति र यम यी दुईजना शनि ग्रहका अधिष्ठात्री देवता हुन्। शनिलाई ज्योतिषमा यमभ्राता भनिन्छ। मरेपछि सम्पूर्ण कर्महरूको लेखाजोखा यमराजले गर्छन् भने जीवित अवस्थामा मान्छेका सम्पूर्ण कर्महरूको लेखाजोखा शनि ग्रहले गर्छन् शनि ग्रहलाई न्यायका देवता पनि भनिन्छ।

मन्दः कृष्णनिभस्तु पश्चिममुखः सौराष्ट्रकस् काश्यपः
स्वामी माकरकुम्भयोर्बुधसितौ मित्रेसमश्चाङ्गिराः
स्थानं पश्चिमदिक् प्रजापतियमौ देवौ धनुष्यासनः
षट्त्रिंस्थः शुभकृच्छनी रविसुतः कुर्यात् सदा मंगलम् ।( मिश्र, २०७६, पृ.७०)

**राहु**

राहुलाई ज्योतिषले छायाँग्रह मानेको छ, अन्य सात ग्रहहरू जस्तै राहुको भौतिक उपस्थिति हुँदैन। पुराणका मतअनुसार राहुको विषयमा सबैभन्दा पहिलो खोज सिंहल देशमा भएको थियो। दश दिशामध्ये राहुलाई नैऋत्य कोणको अधिकार दिएको छ। नवग्रहमण्डलमा नैऋत्य दिशामा नाङ्लोको आसनमा राहु बसेको मानेर पूजा गरिन्छ। राहुको गोत्र पैठीनसी हो अर्थात् राहुको विषयमा विस्तृत अध्ययन पैठीनसी ऋषिले गरेका थिए। काण्डात्काण्डात्प्ररोहन्ति...यो वैदिक मन्त्रले राहु ग्रहको प्रार्थना गरिन्छ।(बृहस्पते अतियदर्य्यस्तथैवान्नात्परिस्रुतः (याज्ञवल्क्यस्मृति आचाराध्याय, पृ.३०१ ) राहुको मुख दक्षिण फर्किएको हुन्छ र पूजामा राहुलाई दुबो चढाएर पूजा गरिन्छ। राहुको अधिदेवता सर्प र निऋति हुन्। पुराणका अनुसार राहुकी माताको नाम सिंहिका हो। जन्मकुण्डलीमा राहुले विभिन्न राशिहरूमा बसेर राजयोग बनाइरहेको हुन्छ। ग्रहहरूमा अचानक फल दिने ग्रह राहु हो।

राहुः सिंहलदेशजश्च निऋतिः कृष्णाङ्गशूर्पासनो
यस् पैठीनसिगोत्रसिगोत्रसम्भवसमिद्दूर्वामुखो दक्षिणः।
यस् सर्पाद्यधिदेवते च निऋतिस् प्रत्याधिदेवस् सदा
षट्त्रिंस्थः शुभकृच्च सिंहिकसुतः कुर्यात् सदा मंगलम्।। (दाहाल, २०७१, पृ. ८०, )

**केतु**

राहु जस्तै केतु ग्रहको पनि भौतिक शरीर छैन। यो पनि छाया ग्रह हो। धर्मशास्त्रअनुसार केतुको गोत्र जैमिनी हो अर्थात् जैमिनी ऋषिले केतु ग्रहका विषयमा आधिकारिक अध्ययन गरेका थिए। नवग्रह मण्डलको वायव्य कोणमा केतुको स्थापना गरेर पूजा गरिन्छ र विशेष गरी कुशले केतुको हवन गरिन्छ। केतुको झन्डा रङ्गीबिरङ्गी भएको हुनाले केतुको पूजामा पनि रङ्गीबिरङ्गी अक्षता र फूलहरूको प्रयोग गरिन्छ। केतुंकृण्वन्न...यो वैदिक मन्त्रले केतु ग्रहको प्रार्थना गरिन्छ।(बृहस्पते अतियदर्य्यस्तथैवान्नात्परिस्रुतः । (याज्ञवल्क्यस्मृति आचाराध्याय, पृ. ३०१) केतु दक्षिण फर्किएर बसेको मानिन्छ। केतुका अधिदेवता र प्रत्यधिदेवता चाहिँ ब्रह्मा र चित्रगुप्त हुन्। केतु मनको ग्रह भएको हुनाले शुभ हुँदा या शुभ ग्रहसँग बस्दाखेरि शुभफल दिन्छन् भने अशुभ केतु लग्नमा बस्दा मान्छेको स्वभाव अलिकति बर्बर हुन्छ भन्ने शास्त्रीय मत रहेको छ। खराब अवस्थाको केतुले खराब फल दिन्छ भने शुभ अवस्थाको केतुले निकै शुभ फल दिन्छ। केतु अध्यात्मसँग सम्बन्धित ग्रह हो। जन्मकुण्डलीमा केतु बलियो हुने व्यक्तिहरू अध्यात्म, तन्त्र जस्ता विषयमा पोख्त हुन्छन्।

केतुर्जैमिनिगोत्रजस् कुशसमित् वायव्यकोणे स्थितः
चित्राङ्गध्वजलान्छनो हिमगुहा यो यो दक्षिणाशामुखः
ब्रह्मा चैव सचित्र चित्रसहितः प्रत्याधिदेवस् सदा
षट्त्रिंस्थः शुभकृच्च बर्बरपतिः कुर्यात् सदा मंगलम्। (पृ. ७०)

**धार्मिक कार्यमा गुरुशुक्र**

हिन्दु धर्मअनुसार देवताका गुरु बृहस्पति हुन् भने दैत्यका गुरु शुक्राचार्य हुन् । ज्योतिषशास्त्रकाअनुसार प्रत्येक वर्ष शुक्र अस्त र बृहस्पति अस्त हुने गर्दछ। नवग्रह मध्येका बृहस्पति र शुक्र ग्रहलाई गुरु ग्रह मानिन्छ। हाम्रो सनातन वैदिक परम्परामा प्रत्येक कर्मको प्रारम्भका लागि एउटा राम्रो शुभ मुहूर्तको परिकल्पना गरिएको हुन्छ। हिन्दुपरम्पराका प्रत्येक शुभकर्महरू विना मुहूर्त निषेध गरिएको हुन्छ। मांगलिक कर्मको प्रारम्भ गर्दा शास्त्रसम्मत गर्नु अत्यन्त शुभ हुन्छ। शास्त्रीय वचन एवं पारम्परिक मर्यादाको विरुद्ध गरिएका अशास्त्रीय कर्महरूले मानवलाई एकदिन तत्तत् कर्म र परिस्थितिले नै एकल र फ्नुट प्रमाणित गरिदिन्छ। वेदादिशास्त्रवचनले कदापि सत्य र मिथ्याको मार्गमा नलैजाने हुनाले धर्मशास्त्रीय मान्यताअनुसार कर्म गर्नुपर्दछ। गुरु र शुक्र ग्रहहरू निर्बल भएको अवस्थामा, तत्काल उदाउँदै गरेको अवस्थामा, अस्त भएका समयमा, अतिचार भएका समयमा, बालावस्थामा, वृद्धावस्थामा पुग्दा यिनीहरूको अस्तित्व सङ्कटमा रहेको हुन्छ। यस्तो परिस्थितिमा यिनीहरूले मानवादि चराचर जगत्‌लाई दिनुपर्ने पराक्रम एवं फल दिन नसक्ने भएकाले मलमास जसरी नै बानुपर्दछ।

बाले वा यदि वा वृद्धे शुक्रे वास्तङ्गते गुरौ।<br>
मलमास इवैतानि वर्जयेद्देवदर्शनम्॥ (निर्णयसिन्धु)

गुरु र शुक्रको अस्तलाई मलमास बराबर मानिएकाले मलमासमा गर्न हुने र नहुने भनी स्पष्ट पारिएका कार्यहरूसरह गुरुशुक्रको अस्तादि अवस्थालाई पनि लिइन्छ। तसर्थ गुरुशुक्रको अस्तादिमा पहिलो पटक तीर्थयात्रा, देवयात्रादि समस्त धार्मिक कृत्यहरू वर्जित मानिएका छन् । त्यस अवस्थामा नित्य नैमित्तिक कार्यबाहेक अन्य गतिका धार्मिक कृत्यहरू गर्नु गराउनु हुँदैन । धार्मिक कर्मको मूल आधार नै हाम्रा धर्मशास्त्रीय ग्रन्थ हुन् । शास्त्रसम्मतिले कर्म गर्दा यो जन्ममा सहजता र परजन्ममा सफलता मिल्दछ।

**गुरुशुक्रास्त परिचय**

पृथ्वीबाट हेर्दा हाम्रो दृष्टिमा नआएका ग्रह सामान्यतः अस्त अवस्थामा रहने गर्दछन् । सामान्यार्थमा पृथ्वीको कुनैपनि भूगोलबाट मनुष्यादि जीवले ग्रहलाई देख्नु ग्रहोदय र लुप्त हुनु ग्रहास्त हो। हरेक ग्रह दैनिकरूपमा उदित र अस्त भइरहन्छन् । विशेषतः बृहस्पति र शुक्र ग्रह सूर्यको बिम्बभित्र प्रविष्ट गरी नदेखिने हुदा अस्त हुने गर्दछन्। यस्तो अवस्था हुन सूर्य र बृहस्पति तथा सूर्य र शुक्र अत्यन्त नजिक हुनु पर्दछ। वर्षको एक समयमा घुम्दै जाने क्रममा शुक्र ग्रह पृथ्वीनजिक पुगेपछि सूर्यको प्रकाशले शुक्र ग्रहको प्रकाशलाई ओझेलमा पार्नुलाई शुक्र अस्त भन्ने गरिन्छ। साथै घुम्दै जाने क्रममा बृहस्पति ग्रह पृथ्वीनजिक पुगेपछि सूर्यको प्रकाशले बृहस्पति ग्रहको प्रकाशलाई ओझेलमा पार्नु नै बृहस्पति अस्त भन्ने गरिन्छ । https://www.merojyotish.com/jyotish/.htm) बृहस्पति र सूर्य तथा शुक्र र सूर्य एउटै राशिमा भएकोवेला अस्तको सम्भावना अधिक हुने गर्दछ। बृहस्पति पश्चिममा अस्त भई पूर्व दिशामा उदय हुने गर्दछ । शुक्र ग्रह पूर्वमा अस्त भई पश्चिममा उदय हुने गर्छ। यस्तो हुनु भनेको बृहस्पति सूर्यको पश्चिम विम्बबाट प्रवेश गरी पूर्वी भागबाट नउदाएसम्मको समय हो । त्यस्तै शुक्र अस्त भनेको शुक्र ग्रह सूर्यको पूर्वी विम्बबाट प्रवेश गरी पश्चिम विन्दुबाट उदाउँदा सम्मको समय हो। हिन्दु धर्म अनुसार देवताका गुरु बृहस्पति हुन् भने दैत्यका गुरु शुक्राचार्य हुन् ।हिन्दुधर्म अनुसार प्रत्येक वर्ष शुक्र अस्त र बृहस्पति अस्त हुने गर्दछ।

**बृहस्पति अस्त**

बृहस्पति भन्दा सूर्य ग्रह निकै टाढा दुरीमा रहेको छ। सूर्यका किरणले बृहस्पतिको बिम्बलाई हाम्रो दृष्टिमा छेक्दाको समयमा बृहस्पति अस्त रहन्छन् । सूर्य र बृहस्पति दुवै ग्रहको कोणीय अन्तर न्यून भएको अथवा नजिकिएको समयमा बृहस्पति अस्तको प्रबल सम्भावना रहेको हुन्छ। सूर्यले एक वर्षमा ३६० अंश ९डिग्री० पार गर्दछ भने बृहस्पतिले एक वर्षमा लगभग एक राशि अर्थात् ३० अंश ९डिग्री० मात्र पार गर्दछ। यसरी बृहस्पति र सूर्यको भेट हुन एक वर्षमा एकपटक सम्भावना रहन्छ। सूर्य र बृहस्पति नजिकिएको अवस्था बृहस्पति अस्तको हो। विशेषतः सूर्य र बृहस्पतिको ११ कालांशको अन्तर समानको समयलाई बृहस्पति अस्त मानिन्छ। (सूर्यसिद्धान्त, ९/६)

**शुक्रास्त**

ज्योतिषीय मतानुसार शुक्र सूर्यको छायाँभित्र प्रवेश गरी नदेखिएको समयलाई शुक्रास्त भनिन्छ। सूर्य र शुक्र ग्रह अत्यन्त नजिक रहेको अवस्थामा यस्तो संयोग पर्दछ। शुक्र र सूर्य एउटै राशिमा रहँदा अस्तको सम्भावना

अधिक हुने गर्दछ । शुक्र, बुध, सूर्य एक राशिमा एक महिना बस्छन् । सूर्य र शुक्रको हिँड्ने गतिमा समानता भएको र नजिक भएकाले अस्तको अवस्था देखा पर्दछ । शुक्र सूर्यको पूर्वी विम्बबाट प्रवेश गरी पश्चिमी भागबाट नउदाए सम्मको अवस्था शुक्रास्त हो । विशेषतः सूर्य र शुक्र ग्रहको ८ कालांशको अन्तर भएमा शुक्रास्त हुने मानिन्छ ।

पश्चादस्तमयोऽष्टाभिरुदयः प्राङ्महत्तया ।
प्रागस्त उदयः पश्चादल्पत्वाद्दशभिर्भृगोः ॥ (सूर्यसिद्धान्त, ९/७)

शुक्र बक्री हुँदा नीचासन्नमा ठूलो बिम्ब हुन्छ । सोही समयमा सूर्य र शुक्रको आठ कलान्तरमा नै शुक्रास्त हुने गर्दछ । अन्य समयमा सानो बिम्ब हुने भएकाले सूर्य र शुक्रको दश कालांश अन्तर अघि र पछि भएको समय सम्म शुक्र ग्रह सूर्यको बिम्बभित्र प्रवेश गरी हाम्रो दृष्टिबाट लुप्त हुन्छ । उक्त लुप्त अवस्था नै शुक्रास्त हो । साथै बृहस्पति ग्रह पृथ्वीनजिक पुगेपछि सूर्यको प्रकाशले बृहस्पति ग्रहको प्रकाशलाई ओझेलमा पार्नु नै बृहस्पति अस्त भन्ने गरिन्छ ।

**गुरुशुक्रास्तमा गर्न नहुने कृत्यहरू**

धार्मिक मान्यताअनुसार नित्य, नैमित्तिक र काम्य गरी तीन प्रकारका कर्म रहेका हुन्छन् । गुरु र शुक्रलाई प्रत्येक काम्यकर्मका फलदाता मानिन्छ । नित्य कर्ममा स्नान, ध्यान, जपतप, पूजापाठ आदि कर्म पर्दछन् । नैमित्तिक कार्यमा बच्चाको नामकरण, अन्नप्राशन, मृत्यु संस्कार तथा श्राद्ध, मासिक तर्पण, जन्मोत्सव पूजाजस्ता कर्म पर्दछन् । गुरुशुक्रको उदयास्तादि विचार गरेर ज्योतिषी तथा धर्मशास्त्रीद्वारा पञ्चाङ्गशुद्ध गरी शुभमुहूर्तमा गरिने कर्महरू काम्यकर्मअन्तर्गत पर्दछन् । नयाँ गृह निर्माणको आरम्भ, नवगृह प्रवेश, नयाँ व्रतको आरम्भ, नयाँ देवशाला निर्माण, मूर्ति स्थापना, पुराणादि पाठपारायण, महायज्ञ, धान्याचल, तुलादान, देवानुष्ठान र व्रतबन्ध-विवाह आदि संस्कारहरू काम्यकर्म अन्तर्गत पर्दछन् ।

अनिवार्यकृत्य नान्दीमुखीश्राद्ध सम्पन्न गरेर प्रारम्भ गरिने देवतीर्थदर्शनादि विशेष लक्ष्यका साथ गरिने अपूर्व तीर्थयात्रा, अपूर्व देवदर्शन गणेशादि देवताहरूको प्राणप्रतिष्ठा कर्म, तलाउ, पोखरी, कुवा, धारा, बगैंचा, चूडाकर्म, व्रतबन्ध, वेदारम्भ, समावर्तन, वानप्रस्थ, संन्यासादि आश्रमान्तरका विधिहरू, राज्याभिषेक, वेदादिव्रत, गृहनिर्माण वा आरम्भ, गृहप्रवेश, वेदव्रतस्नान, विवाहकर्म, कुनै पनि प्रकारका व्रतको आरम्भ एवं समाप्ति चान्ऽायणादि प्रायश्चित गरेर शुद्ध हुनुपर्ने अवस्थाका प्राजापत्य, चान्द्रायणादि शुद्धिपरक एवं प्रायश्चित्तपरक व्रत तथा स्नानादिकृत्यहरू कुनै पनि प्रकारका व्रत आरम्भ एवं समाप्ति, चान्द्रायणादि प्रायश्चित्त गरेर शुद्ध हुनुपर्ने अवस्थाका प्राजापत्य, चान्द्रायणादि शुद्धिपरक सबै प्रकारका कर्म गर्न निषेध गरिएको छ । कालादर्शले पनि रामदैवज्ञको मतलाई समर्थन गरेका छन् ।

वाप्याराम-तडाग-कूप-भवनारम्भ-प्रतिष्ठे व्रताऽऽरम्भोत्सर्ग-वधूप्रवेशन-महादानानि सोमाष्टके ॥ १/४६
गोदानाग्रयण- प्रपा-प्रथमकोपाकर्म वेदव्रतम् । नालोद्वाहमथातिपन्न–शिशुसंस्कारान् सुरस्थापनम् ॥ १/४७
दीक्षा- मौञ्जी-विवाह-मुण्डनपूर्वं देवतीर्थेक्षणम् । सन्न्यासाग्नि–परिग्रहौ नृपतिसन्दर्शाऽभिषेकौ गमम् ॥ १/४८
चातुर्मास्यसमावृती श्रवणयोर्वेधं परीक्षां त्यजेद् । वृद्धत्वास्त शिशुत्व इज्य सितयोन्यूनाधिमासे तथा ॥ १/४९
अस्तेवर्ज्यंसिंह-नक्रस्थजीवे वर्ज्यं केचिद्वक्रगे चातिचारे । गुर्वादित्ये विश्वघस्रेऽपि पक्षे प्रोचुस्तद्वद्दन्तरत्नादिभूषाम्॥
१/५० शुभाशुभप्रकरणम् मुहूर्तचिन्तामणिः

समाज वा व्यक्तिलाई हानि नोक्सानी हुने कामको लागि शास्त्रले अनुमति दिन पनि सक्दैन र प्रायश्चित पनि बताउदैन । यो शास्त्रको शाश्वत नियम हो । त्यसैले शास्त्रको विधि छोडेर गरिएको कार्यलाई र निषेध गर्दा गर्दै पनि कार्य गर्न शास्त्रीय अनुमति देखिँदैन । हाम्रो धर्मशास्त्रले पनि मलमास, गुरुशुक्रास्त, बालवृद्धावस्थामा बृहस्पतिको अतिचारमा र विश्वघस्रपक्षमा माङ्गलिक कृत्यहरू गर्न निषेध गरेको छ ।

मलमासे निषिद्धाना शुक्रास्तावपि निषेधः । (पुरुषार्थचिन्तामणि )
यन्मलमासे वर्ज्यं तच्छुक्रगुर्वस्तादावपि ।( निर्णयसिन्धु )

यस्तो समयमा नित्य र नैमित्तिक कर्म बाहेक अन्य कुनै पनि धार्मिक कृत्यहरू गर्नु गराउनु हुँदैन । गुरुशुक्र अस्तपूर्व तीनदिन अघिदेखि तेजोहीन हुने भएकोले वृद्धत्व र उदयपछि पनि तीनदिन अल्प तेज हुनाले शिशुत्वदोष लाग्छ ।

**गुरुशुक्रास्तमा गर्न हुने कार्यहरू**

गुरुशुक्रास्तमा नित्य नैमित्तिक कर्म एवं पूजा, एकोदिष्टश्राद्ध, मासिकश्राद्ध, उनमासिकश्राद्ध, जन्मोत्सव पूजा, प्रारम्भ गरिएका तिथिवारनक्षत्रादि कृत्यहरूको निरन्तरता, उपचारपरक ग्रहशान्ति, अगतिक नैमित्तिक कर्म,

अन्त्येष्टि संस्कारका १३ दिन सम्मका कर्महरू, मृतावस्थाका दान, पञ्चक शान्ति विधि, ग्रहण स्नान, ग्रहण दान ,अनन्यगतिक नामकरणदेखि अन्नप्राशनसम्मका संस्कारसम्बद्ध कर्महरू, दर्शादि श्राद्ध , मन्वादि र युगादिमा गरिने श्राद्धादि कर्म, दैनिक गरिने अन्नदान, ब्राह्मण भोजन, पर्वहोम, अनन्यगतिक उपचारक ग्रहशान्ति, नित्य अग्निहोत्र नित्यतर्पण, श्राद्धपरक तर्पण, दान पूजनादि कर्म गर्नको लागि धर्मशास्त्रले अनुमति दिएको छ।

नित्यनैमित्तिके कुर्यात् श्राद्धं कुर्यान् मलिम्लुचे ।

तिथि-नक्षत्र वारोक्तं काम्यं नैव कदाचन । (जावालिः पृष्ठ २२ निर्णयसिन्धु )

सीमान्तजातकादीनि प्राशनान्तानि यानि वै ।

न दोषो मलमासस्य मौढ्यस्य गुरुशुक्रयोः ॥ (मुहूर्तचिन्तामणिः पीयूषधाराटीका )

गर्भाधानादिका अन्नप्राशनान्ता मलिम्लुचे ।

आकर्णवेधाः कर्तव्या नान्या इत्याह भास्करः । (पृष्ठ २२ निर्णयसिन्धु , कात्यायनस्मृतिः)

प्रथमाब्दिक वार्षिक तिथि रिक्त नगर्ने गरी मलमासमा मृत्युवरण गरेकाहरूको धेरै वर्षपछि सोही महिनामा मलमास परेर तिथि जुटेको खण्डमा एकोद्दिष्ट तिथि गर्न मिल्दछ।

धर्मशास्त्रको मर्यादा भन्दा बाहिर गएर गरिने कर्म एवं अनुष्ठानले स्वयं कर्ता र आचार्यलाई परोक्ष-अपरोक्ष आघात त हुन्छ नै प्रतिष्ठामा समेत ह्रास आउँछ। कुनै पनि कर्म गर्दा कर्तामा मनशान्ति, प्रतिष्ठा र पुण्यप्राप्ति साथै आचार्य एवं समाजमा दिव्यशान्ति र प्रसन्नता रहन्छ भने सोही कर्म नै शास्त्रोचित कर्म हो । सदाचारी एवं धर्माभिमुख कर्ममा शास्त्र सदैव उदार देखिएको हुन्छ। कर्ता, ऋत्विक एवं उक्त अनुष्ठानमा संलग्न समाज सबैलाई इहलौकिक र पारलौकिक नोक्सान देखिएको कर्मको प्रारम्भलाई शास्त्रले सर्वथा निषेध गरेको छ। मोह वा मदको कारणले संवेदनशील धार्मिक परम्पराको मर्यादा नाघ्ने कसैलाई पनि धर्मशास्त्रमा प्रायश्चित्तको व्यवस्था धर्मशास्त्रीय मान्यता छ।

**निष्कर्ष**

सूर्यसँग कुनै पनि ग्रह बस्दा, सूर्यको प्रकाशले अरु ग्रहहरूको बल र शक्ति न्यून गराउँछ र यसलाई ज्योतिषीय भाषामा ग्रहास्त भनिन्छ। ग्रहहरू उदय अस्त, वक्रमार्ग हुनु नियमित प्रक्रिया हो। बृहस्पति र शुक्रलाई ज्ञान, बुद्धि, विवेकादि चेतनाका प्रतिनिधि देवताका रूपमा र वेदाधिपतिका रूपमा धर्मशास्त्र एवं ज्योतिषशास्त्रमा प्रामाणिक एवं सुन्दर तरिकाले चित्रण गरिएको छ। मानिसको जड र चेतन मनलाई चलायमान गर्न यी दुवै ग्रहहरूको दृष्टि वा बलाबल विचार गरेर मात्र हरेक कार्य गर्नुपर्ने हुन्छ। नित्य रूपमा गरिने कर्म र नैमित्तिक रूपमा गरिने जन्मोत्सव पूजा, जपपाठादि कर्म, तिथिश्राद्ध र तिथिश्राद्धकै दिनमा पितृसूक्तका रूपमा गरिने पाठ, नित्य गरिने पाठपारायण जप, हवन आदि धार्मिक कार्यहरू गर्न शास्त्रले निर्देश गरेको छ। बृहस्पति र शुक्र अस्त भएको समयमा वेदादि धर्मशास्त्रादि ग्रन्थको उपेक्षा गरी अशुद्ध समयमा गरे गराएको कर्मबाट कामना अनुरुपको फल प्राप्त हुँदैन। वैदिक सनातन धर्मशास्त्रीय ग्रन्थहरूमा सर्वस्वीकृत विषय नवग्रह हो। देव तथा राक्षसी गुरुका रूपमा मानिएका बृहस्पति र शुक्रको अस्तको प्रभावका विषयमा आममानिसहरूमा ज्ञानबोध हुनु आवश्यक छ।

**सन्दर्भ ग्रन्थसूची**

पाण्डेय, माधवप्रसाद, (२०५७), कुण्डलीप्रकाश, काठमाण्डौ : ज्योतिर्विद्या प्रालि।

मिश्र, पतञ्जली, (२०७६), नवग्रहजप, षडङ्गरुद्री, वाराणसी : बाबू माधवप्रसादशर्मा ।

रामदैवज्ञ, (२०६३) मुहूर्तचिन्तामणि (द्वि.सं.)पीयूषधाराटीका व्याख्या रामचन्द्र पाठक, वाराणसी, चौखम्बा संस्कृत संस्थान।

दाहाल, कैलाश, (२०७१), सम्पूर्ण बूढीषडङ्गरुद्री, काठमाडौंः सीताकुन्ज परिवार ।

सूर्यसिद्धान्त, (२०४४) वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

याज्ञवल्क्य, (२०५४), याज्ञवल्क्यस्मृति द्वि. सं.,वाराणसी : चौखम्बा संस्कृत सीरीज आफिस ।

मिश्र, मित्र, (१९९१), वीरमित्रोदय श्राद्धप्रकाश,अनु.पं.पद्मप्रसाद उपाध्याय,वाराणसी :चौखम्बा संस्कृत सिरिज ।

भट्ट, कमलाकर, (२०७१), निर्णयसिन्धु, अनु. प्रा.डा. वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

https://www.merojyotish.com/jyotish/1616.htm